मुगुम कार्मारोङ गाउँपालिकाद्वारा प्रकाशित

# मुगुम कार्मारोङ राजपत्र

**खण्ड : ४, संख्या : ३, मिति : २०७७/११/१३**

**भाग – १**

## शिक्षा ऐन प्रथम संशोधन-२०७७

**संशोधन मिति : २०७७/११/७**

**प्रस्तावना**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानविय मुल्यको प्रर्वधन गरी संघिय लोकतान्त्रिक गणतन्त्रको संस्थागत बिकास मुलुकको समृद्धि र प्रत्येक नागरिकको मौलिक हकको रुपमा नेपालको सविधान २०७२ ले स्थापित गरिसकेकोले हरेक नागरिकको  शिक्षामा समान पहुँचक पुऱ्याई गुणस्तरीय, सर्वसुलभ, व्यवहारिक प्राविधिक र सीपमुलक शिक्षा प्रदान गरी समाजमा दक्ष, सीपयुक्त, सचेत र उच्च नैतिकवान नागरिक बनाउँदै समाज विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ, नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को वुदा नं. ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को खण्ड 'ज'र सोही ऐन दफा १०२ बमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले मुगुम कार्मारोङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१ संक्षिप्त नाम, र प्रारम्भः**

(१) यस ऐनको नाम **"मुगुम कार्मारोङ गाउँपालिका शिक्षा ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन मुगुम कार्मारोङ गाउँपालिका भर लागूहुनेछ ।

(३) यो ऐन मुगुम कार्मारोङ राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले मुगुम कार्मारोङ गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) **"गाउँसभा"** भन्नाले मुगुम कार्मारोङ गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ङ) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनुपर्छ ।

(च) **"विद्यालय शिक्षा"** भन्नाले प्रारम्भिक बाल बिकास शिक्षा, आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनुपर्छ ।

(छ) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ज) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउनेगरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(झ) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ट) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ठ) **"अनुमति"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ड) **"स्वीकृति"** भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा अनुमति तथा स्वीकृती प्राप्त गरी सँचालन भएको विद्यालयलाई जनाउँछ ।

(ण) **"शैक्षिक गुठी"** भन्नालेविद्यालय सञ्चालन गर्नकोलागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(त) **"स्थायी आवासीय अनुमति"** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउनेगरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.),परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(थ) **"प्रारम्भिक बालशिक्षा"** भन्नाले पांच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनुपर्छ ।

(द) **"गाउँशिक्षा समिति"** भन्नाले ऐनको दफा १० बमोजिम गठित गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

(ध) **"शिक्षा युवा तथा खेलकुद शाखा"** भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउछ ।

(न) **"अधिकृत "**भन्नाले गाउँपालिका शिक्षा शाखाका अधिकृत कर्मचारीलाई जनाउछ ।

(प) **"प्रधानाध्यापक"** भन्नाले बिद्यालयको प्राज्ञिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकिय जिम्मेवारी तोकिएको अध्यापक लाई जनाउदछ ।

(फ)**"आधारभुत शिक्षा उत्तीर्ण परीक्षा"**भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(व) **"माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा"**भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(भ) **"शिक्षक"**भन्नाले विद्यालयमा शिक्षण सिकाई गर्न नियुक्त अध्यापक सम्झनुपर्छ ।

(म) **"दरबन्दी मिलान"**भन्नाले विद्यार्थी संख्या, तह, कक्षा आदिका आधारमा विद्यालयका शिक्षक तथा कर्मचारीको दरवन्दी मिलानलाई जनाउछ ।

(य) **"अभिभावक"**भन्नाले बिद्यालयमा अध्ययनरत बिद्यार्थीको अभिभावक भनी अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्दछ । सो शब्दले बिद्यार्थीको बुवा, आमा, बाजे, बज्यै, तथा अभिभावक नभएका बिद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउदछ ।

(र) **"टयुसन सेन्टर, कोचिङ सेन्टर, इस्न्चिच्युट र मोन्टेश्वरी"** भन्नाले गाउँपालिकाबाट तोकेको मापदण्ड पुरा गरी
टयुसन सेन्टर, कोचिङ सेन्टर, इन्र्सटिच्युट र मोन्टेश्वरी सञ्चालनको अनुमति लिएको शैक्षिक संस्थालाई जनाउदछ ।

(ल)**"वडा शिक्षा समिति"** भन्नाले वडा भित्रको रेखदेख र व्यवस्थापन गर्ने कामका लागि समेत बनेको समितिलाई सम्झनुपर्दछ ।

(व) **"समायोजन"** भन्नाले दुई वा दुई भन्दा बढि बिद्यालयलाई एउटै बिद्यालयमा गाभ्ने प्रक्रियालाई सम्झनुपर्दछ ।

(श) **"मन्त्रालय"** भन्नाले प्रादेशिक तहमा स्थापना भएको सामाजिक बिकास मन्त्रालय र संघिय तहमा स्थापना भएको शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालय भन्ने सम्झनुपर्दछ ।

(ह) **"सहकारी बिद्यालय"** भन्नाले यस अघि सहकारी ऐन अर्न्तगत स्थापित बिद्यालयलाई सम्झनुपर्दछ ।

(क्ष) **"बिद्यार्थी कल्याण"** भन्नाले बिद्यार्थी हितसँग सम्वन्धित कार्य सम्झनु पर्दछ ।

## परिच्छेद–२
## विद्यालय सञ्चालन अनुमति, कक्षा थप, विद्यालयका प्रकार, वर्गिकरण, शिक्षाका प्रकार समायोजन तथा नियमन

### ३. विद्यालय खोल्न अनुमति लिनु पर्ने:

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकाको तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँच बुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्नेगरी गाउँ शिक्षा समिति को सिफारिसमा गाउँकार्यपालिकाले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ सभाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीकोरुपमा सञ्चालनमा रहेको विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा गाउँ कार्यपालिकाको शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँच बुझ गर्नेछ र जाँच बुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीकोरूपमा सञ्चालन गर्न पाउनेगरी अनुमति वा स्वीकृति दिइनेछैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयकोनाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकैकुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्नेगुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजीगुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीकोआय व्ययकोलेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीकोहकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थालेमुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्नचाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्नसक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०)माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन ।

**३. क.कक्षा थप :**

(१) कुनै पनि विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक शत्र शुरु हुनु भन्दा २ महिना अगावै नियमावलीले तोकेको ढाँचा वमोजिम ,विद्यालय व्यवस्थापन समितिको निर्णय तथा सम्वन्धित वडाको सिफारिस सहित गाउँशिक्षा शाखामा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा १ वमोजिम निवेदन परेमा गाउंपालिकाले आवाश्यक पुर्वाधार पुरा भएको नभएको जाँचवुझ गर्ने छ र जाँचवुझ गर्दा पुर्वाधार पुरा भएको देखिएमा गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले कक्षा थप गर्ने अनुमति प्रदान गर्नेछ ।

**४. विद्यालय सँचालन :**

विद्यालय सञ्चालन तोकिए वमोजिम हुनेछ ।

**४.१. बिद्यालयका प्रकार**

(क) सामुदायिक बिद्यालय

(ख) संस्थागत बिद्यालय

(ग) गुठी बिद्यालय

(घ) सहकारी बिद्यालय

**४.२.बिद्यालयको वर्गिकरण**

(क) क वर्गको विद्यालय

(ख) ख वर्गको विद्यालय

(ग) ग वर्गको विद्यालय

(घ) घ वर्गको विद्यालय

विद्यालय वर्गिकरणको आधारहरु तोकिए बमोजिम हुनेछ ।

**५. परीक्षाको सञ्चालन :**

(१) विभिन्न तहको शिक्षा उत्तीर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(२) आधारभूत तहको अन्त्यमा हुने परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

**६. माध्यमिक शिक्षाको प्रकारः :**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

(घ) गुम्वा शिक्षा

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षासञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारका व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८. शिक्षाको माध्यम :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) अधारभुत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनुपर्नेछ ।

❖ **पहिलो सँसोधनद्वारा थप गरिएको**

**९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्नेगरी सिकाइ उपलब्धि हासिल हुनेगरी अध्ययन अध्यापन गराउनुपर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नसक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्नसक्नेछ साथै सो सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद–३

## गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा अनुगमन समिति, बि.व्य.स. गठन काम कर्तब्य र अधिकार

**१०. गाउँशिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाँउपालिकाको अध्यक्ष वा सो काम गर्न तोकेको व्यक्ति - अध्यक्ष

(ख) गाँउ सभा सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेका १ जना महिला सहित २ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी - सदस्य

घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट एक जना महिला सहित गाउँ शिक्षा समितिले मनोनित - २ जना सदस्य

(ङ) संस्थागत विद्यालयहरुका संस्थापकहरु मध्येबाट अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(च) वि.व्य.स अध्यक्षहरु मध्येबाट शिक्षा समितिद्धारा मनोनित एक जना - सदस्य

(छ) शिक्षाविद्द, शिक्षाप्रेमीहरु मध्येबाट गाँउशिक्षा समितिबाट तोकेका एक जना महिला पर्ने गरी ३ जना - सदस्य

(ज) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको अधिकृत - सदस्य-सचिव

(२) गाउँ शिक्षा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

(३) गाउँ शिक्षा समितिको बैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ ।

(४) बैठक संचालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) लगातार ३ पटक भन्दा बढी अनुपस्थित हुने सदस्यलाई गाउँ शिक्षा समितिले पदबाट हटाउन सक्नेछ ।

(६) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल ३ वर्षकोहुनेछ ।

(७) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउनसक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबट बञ्चित गरिने छैन ।

(८) गाउँशिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो गाउँपालिका भित्रका शैक्षिक गतिविधिको व्यवस्थापन, रेखदेख र नियमन गर्ने ।

(ख) शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(ग) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी परिमार्जन सहित स्वीकृत गर्ने,

(घ) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ङ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(च) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,

(छ) विद्यालय बन्द गर्न सिफारिस गर्ने,

(ज) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(झ) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न गाउँ शिक्षा शाखालाई निर्देशन दिने,

(ञ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(ट) गाउँ कार्यपालिका तथा गाउँसभावाट स्वीकृत गाउँ शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(ठ) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने, .

(ड) गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा सञ्चालन गर्नका लागि सहयोग गर्ने,

(ण) वि.व्य.स.को सिफारिसमा करार, अस्थायी र राहत शिक्षकको म्याद थप गर्ने,

(त) गाउँपालिका भित्रका शिक्षक तथा कर्मचारीको सरुवा गर्ने,

(थ) नियमानुसार करारमा अस्थायी शिक्षकको नियुक्ति गर्ने,

(द) प्रधानाध्यापकको नियुक्तिका लागि गाउँ शिक्षा शाखामा सिफारिस गर्ने,

(ध) कार्यविधि बनाई गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी र अन्य कार्य गर्ने,

(न) विद्यालयहरुकोलेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने सम्बन्धि कार्यविधि बनाई लागू गर्ने,

(प) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(फ)विद्यालय शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धि कार्यविधि बनाई दरबन्दी मिलान गर्ने ।

❖ उप दफा ८ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँशिक्षा समितिलाई प्राप्त अधिकार आवाश्यकता अनुसार शिक्षा शाखाको अधिकृत कर्मचारी लाई प्रत्यायोजन गर्न सक्नेछ साथै यस अघि गाउँपालिका तथा अर्न्तगतको शिक्षा युवा तथा खेलकुद शाखावाट सम्पादन भएका जुनसुकै कार्यहरु यसै दफा वमोजिम भएको मानिने छ । **- प्रथम पटक सँसोधन**

(९) वडा शिक्षा समितिको गठन,काम कर्तब्य र अधिकार

(१) वडास्तरमा वडाको बिद्यालयको रेखदेख र ब्यवस्थापन गर्न वडा शिक्षा समिति रहने छ ।

क) सम्बन्धित वडा को वडा अध्यक्ष – अध्यक्ष

ख) वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले तोकेको एक जना महिला– सदस्य

ग) बिद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको १ जना–सदस्य

घ) सामुदायिक र संस्थागत बिद्यालयका प्रधानाध्यापक/संस्थापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको दुई जना – सदस्य

ङ) वडा भित्रका शिक्षाप्रेमीहरुबाट वडा समितिले तोकेको एकजना – सदस्य

च) सम्बन्धित वडाको वडा सचिव – सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा भित्रको शैक्षिक योजना तयार पारी कार्यान्वयन गर्ने,

ख) वडा भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ग) बिद्यालय ब्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

घ) बिद्यालयका लागी आवश्यक स्रोत साधन जुटाउने,

ङ) द्वन्द ब्यवस्थापन गर्ने,

च) बिद्यालयको सुपरिवेक्षण तथा अनुगमन गर्ने, गराउने र अनुगमनको क्रममा अनियमितता गरेमा कारवाहीको लागि सिफारिस गर्ने,

❖ **प्रथम सँसोधनमा थप गरिएको**

छ) विद्यालय गाभ्ने, सार्ने, नाम परिर्वतन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिसगर्ने,

ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ,

झ) प्रारम्भिक बाल बिकास केन्द्र सञ्चालन सिफारिस गर्ने,

ञ) उत्कृष्ट कार्य गर्ने, शिक्षक र कर्मचारीहरुलाई प्रोत्साहित गर्ने,

ट) बिद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने,

ठ) गाउँशिक्षा समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने,

ड) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन सम्बन्धि कार्यबिधि आफैले निर्धारण गर्ने,

**११.शिक्षा अनुगमन समिति :**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय वमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | - संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (ग) गाउँसभाका सदस्यहरुमध्येबाट गाउँशिक्षा समितिले मनोनित एकजना | - सदस्य |
| (घ) गाउँशिक्षा समितिले तोकेको शिक्षाविद मध्येबाट एक जना | - सदस्य |
| (ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित एक जना | - सदस्य |
| (च) गाउँ शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य-सचिव |

(२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२.** गाउँपालिकाले आवश्यकता हेरी प्रारम्भिक बालशिक्षाको लागि मन्टेश्वरी स्थापना, कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

**१३.सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:**

गाउँपालिकाले समुदायमा साक्षरता, सीपविकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्नसक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, वाचनालय र ई–वाचनालय हुन सक्नेछ ।

**१४.गाउँ शिक्षा शाखा :**

(१) गाउँपालिका भित्रको शिक्षाको गतिविधिलाई संचालन, व्यवस्थापन र रेखदेख गर्नका लागि गाउँपालिकामा एक गाउँ शिक्षा शाखा रहनेछ ।

(२) उपदफा (१) बमोजिमको गाउँ शिक्षा शाखामा सेवा प्रवाह गर्नका लागि नेपाल सरकारवाट स्वीकृत दरवन्दि तेरिज अनुसारका कर्मचारीहरु रहनेछन । शाखा वाट सम्पादन गरिने सम्पुर्ण कामकाज गर्ने गराउने प्रमुख जिम्मेवारी शाखाको प्रमुख कर्मचारीको हुनेछ ।

(३) उप दफा २ वमोजिम स्वकिृत दरवन्दि वाहेक गाउँपालिकाले आवाश्यक ठानेमा अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) अनुसारका कर्मचारीहरुको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुनेगरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयहरुलाई दिईदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) राष्ट्रिय स्तरका शैक्षिक कार्यक्रम र राज्यले अँगिकार गर्ने शैक्षिक निती तथा गाउँपालिकाको प्राथमिकताका आधारमा गाउँपालिका भित्र शैक्षिक गतिविधीहरु सँञ्चालन गर्नका लागि गाउँपालिकाले आवाश्यकताका आधारमा विद्यालयहरुका लागि अनुदानको व्स्थापन गर्न सक्नेछ ।

☞ **प्रथम पटक सँसोधन**

(३) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम थप अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१६.छात्रवृत्तिको व्यवस्था :**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१७.प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने:**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्र लाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**१८.प्रारम्भिक वाल शिक्षा सम्वन्धि व्यवस्था :**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९.विद्यालय व्यवस्थापन समिति:**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकहरुले आफु मध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना - सदस्य

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्वन्धित वडाध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येवाट सो वडा समितिले मनोनयन गरेको एक जना

(ग) विद्यालयका सँस्थापक, स्थानिय वुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखी सहयोग गर्ने वा विद्यालयलाई दशलाख भन्दा वढि नगद वा जिन्सी सहयोग गरेका व्यक्तीहरुवाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) शिक्षकहरुले आफु मध्येबाट छानी पठाएका शिक्षक एक जना - सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) आवासिय विद्यालयको हकमा गाउँशिक्षा शाखा प्रमुख र गाउँशिक्षा समितीको प्रमुख पदेन सदस्य रहनेछन ।

(३) विद्यालयका बालबालिकाहरु मध्येबाट एकजना बालिका सहित २ जना आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(५) उपदफा १ बमोजिमको खण्ड क,ख, ग र घ बमोजिमका सदस्यहरु मध्येबाट वि.व्य.स.का सदस्यहरुले छनोट गरेको ब्यक्ति समितिको अध्यक्ष हुनेछ । साथै अध्यक्षको छनौट नभए सम्मका लागि सो समितिको जेष्ठ सदस्यले अध्यक्ष भई कामकाज गर्नेछ ।

(६) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा गाउँ शिक्षा समितिको अध्यक्षले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

(७) अभिभावकको अभिलेख राख्ने :

(१) विद्यालयले गाउँ शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै, दाजु, दिदीको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

(३) उप दफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि विद्यालय व्यवस्थापन समितिको सदस्य वा अध्यक्ष छनौट हुने प्रयोजनका लागि वावु आमा तथा वाजे वज्यै मात्र अभिभावक मानिनेछ । थप भएको

(८) व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था:

(८.१) प्रधानाध्यापकले दफा १८ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्यअवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सम्बन्धित विद्यालयले सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस दफा बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(८.२) उपदफा (८.१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित अधिकृतको संयोजकत्वमा, सम्बन्धित विद्यालयको प्रधानाध्यापकर स्थानीय सरकारको प्रतिनिधि रहेको ३ सदस्यीय छनौट सहयोग समिति रहने छ ।

(९) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य कार्यविधि गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ

(१०) व्यवस्थापन समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक बस्नुपर्नेछ ।

(११) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायकासदस्यहरू रहेको एक विद्यालय व्यवस्थापनसमिति रहनेछ :-

(क) विद्यालयका अभिभावकहरुले स्वयं मध्येवाट छानी पठाएका २ जना महिला, १जना दलित (दलित अभिभावक नभएकोमा सोही विद्यालयको जनजाति, पिछडिएको वर्गका र सो नभए अन्य सहित ४ जना - सदस्य

(ख) सम्वन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

(ग) चन्दादाता, संस्थापक, स्थानीय बुद्धीजिवी, शिक्षाप्रेमी मध्येबाट वि.व्य.स.बाट मनोनित एकजना सदस्य

(घ) गाउँ शिक्षा समितिका अध्यक्षले सम्वन्धित विव्यससँग परामर्श गरि सेवा क्षेत्र भित्र रहेका व्यक्ति मध्येवाट तोकेको समाजसेवी, शिक्षा प्रेमी, मध्येबाट एकजना - सदस्य

(ङ) शिक्षकहरुले आफुमध्येवाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधी - सदस्य

(च) विद्यालय स्तरीय बालक्लव ले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना - सदस्य

(छ) ग सदस्य क, ख र झ ले मनोनित गर्नेछ ।

(ज) सम्बन्धित विद्यालय हेर्ने विद्यालय निरिक्षक र स्थायी आमन्त्रित - सदस्य

(झ) प्रधानाध्यापक - सदस्य सचिव

(१) (अ) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा ११ को (क,) (ख) (ग), (घ), वमोजिमका सदस्यहरु मध्येवाट छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(१) (आ) विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा उक्त विद्यालयको प्रधानाध्यापक अध्यक्ष हुन सक्ने छैन

(२) विद्यालय व्यवस्थापन समितिको कार्यअवधि ३ वर्षको हुनेछ ।

(३) अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको छनोट नभएको अवस्थामा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

**२०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा शिक्षा अनुगमन समिति वा गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन

समिति विघटन गर्नसक्नेछ । तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफीको मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्नसक्नेछ ।

(३) यो ऐन जारी भए पछि सबै विद्यालयहरुले बढिमा तीन महिना भित्र यस ऐन वमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरि सक्नुपर्नेछ ।

**२१. विद्यालयको विस्तृत कार्ययोजना :**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विस्तृत कार्ययोजना अभिभावक भेलाबाट पारित गराई लागूगर्नुपर्नेछ ।

(२) अभिभावक भेलाले विस्तृत कार्ययोजना आवश्यकता अनुसार सँसोधन गर्नसक्नेछ ।

(३) कार्ययोजना अनुसार विद्यालय सञ्चालन गर्न व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ४

## कोषहरुको व्यवस्था, प्राबिधिक शिक्षा, छुट सुबिधा, शुल्क सम्बन्धि व्यवस्था

**२२. शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नकोलागि गाउँपालिका स्तरमा एक शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२३. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ जसमा देहाय वमोजिमका रकमहरु रहनेछन :-

(क नेपाल सरकार, प्रादेशिक सरकार र गाउँ पालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोग बाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, सामाजिक परीक्षण र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२४. गाउँ शिक्षा शाखाले निर्देशन दिन सक्ने:**

(१) गाउँ शिक्षा शाखाले आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२५. गाउँशिक्षा समितिले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्नवा बन्द गर्नसक्ने :**

गाउँ शिक्षा समितिले गाउँ शिक्षा शाखाको सिफारिसमा तोकिएको मापदण्डमा रही हाल सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**२६. विद्यालयको सम्पत्ति:**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएकोवा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँ शिक्षा समितिले अन्य विद्यालयको काममा प्रयोगमा नआउनेभएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा र हनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्नपाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) सँस्थागत विद्यालयले कुनै व्यक्ति वा सँघ सँस्था सँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा सँघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेच बिखन गर्न पाइनेछैन ।

**२७. विद्यालयलाई छुट र सुविधा :**

(१) प्रचलित कानुनमा जुनसुकैकुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित सँस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीकोरूपमा सञ्चालित सँस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२८. प्राबिधिक तथा ब्यावशायिक शिक्षा**

गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक बिद्यालयमा प्राबिधिक तथा ब्यवसायिक शिक्षाको निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता बिद्यालय सञ्चालनको लागि गाउँपालिकाले सम्भाब्यता अध्ययन, बिद्यालयलाई थप सुबिधा प्रदान, आवश्यक श्रोत पहिचान र परिचालन गर्न सक्नेछ । गाउँपालिकाले प्राबिधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिदा वडामा तोकिएको मापदण्ड बमोजिम नदोहोरिने गरी सिफारिस गर्नेछ । गाउँपालिकाले सामुदायिक बिद्यालयमा प्राबिधिक कक्षाका लागि चाहिने शिक्षक तथा कर्मचारी ब्यवस्थापन गर्न सक्नेछ ।

(१) यस सम्बन्धि अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८.ख. अनुमति वा स्वीकृति रद्द गर्ने:**

कुनै सँस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनैकाम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**२९.विद्यालयको वर्गीकरण:**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३०.विद्यालयलाई सुरक्षित तथा शान्ति क्षेत्रको रूपमा कायम गर्नुपर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनैपनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३१.शुल्क सम्बन्धी व्यवस्था:**

(१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीका नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिईसके पछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारी बाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पचास हजार रूपैयाँसम्म जरिवाना गर्नसक्नेछ ।

दफा ३१ मा जुनसुकै कुरा लेखिएको भएतापनि आवासिय विद्यालयमा वसी अध्ययन गर्ने विद्यार्थीको सरसफाईका सामग्री , कापी कलम तथा अन्य व्यक्तीगत प्रयोजनका सामग्रीको व्यवस्थापन गर्नका लागि आवाश्यक कार्यविधि निर्माण गरी शुल्क लिन वाधा पर्ने छैन ।

## परिच्छेद–५

## शिक्षक महासंघ, शिक्षक तथा कर्मचारी आचरण, नियुक्ति, सरुवा, बढुवा, दण्ड सजाय

### ३२. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीकोपदीय आचरण तथा अन्य व्यवस्थाः

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्यगर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयव्यवस्थापन समितिले पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ :-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा ।

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थसेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिनेकुनैफौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारीणी सदस्य रहेको पाइएमा,

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँ शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफीको स्पष्टिकरण को मौका भने प्रदान गरिने छ।

स्पष्टिकरण : यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर, प्रदेश स्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ।

**३३. स्थायी आवासीय अनुमति लिन नहुने:**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनैपनि देश को स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

**३४. शैक्षिक योग्यता:**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

**३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने :**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

**३६.शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन।

(२) उपदफा (१) मा जुन सुकैकुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**३७. अदालतको आदेश बाट पुनः बहाली हुन सक्ने :**

(१) दफा ३३ मा उल्लेख भएका कुनैवा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

**३८.शिक्षकको नियुक्ति र सरुवा:**

(१) गाउँपालिकाले सामुदायिक विद्यालयमा रिक्त दरवन्दि तथा राहत शिक्षकमा नियमानुसार प्रक्रिया पुरा गरी करार तथा अस्थाई नियुक्ति गर्न सक्नेछ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र सँचालित विद्यालयको कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँशिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्तदर वन्दीमा सरुवा गर्न सक्नेछ ।

(३) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र सँचालित विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्नेगरी गाउँपालिकाले अर्को गाउँपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ । गाउँपालिका वाट पालिका तथा जिल्लान्तर सरुवा भई जाने शिक्षकहरुले पदस्थापन भएको मितिले कम्तिमा १.५ वर्ष अनिवार्य सेवा गर्नु पर्ने छ ।

(४) उपदफा (३)मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी आवाश्यकता अनुसार गाउँ शिक्षा समिति सँगको सहकार्यमा गाउँपलिकाले आफ्नो क्षेत्रभित्र शिक्षक तथा कर्मचारीहरुको सरुवा जुन सुकै वखत गर्न सक्नेछ ।

**३९. दरवन्दी मिलान:**

(१) तोकिएको मापदण्ड तथा विद्यार्थी सँख्याको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले काज खटाउने तथा दरबन्दी मिलान गर्न सक्नेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउनुपर्ने:**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँ शिक्षा शाखा, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावक प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी गाउँ शिक्षा शाखाको राय, परामर्श सहित सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ ।

**४१.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

दफा ३७ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**४२. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था:**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नेपाल सरकार तथा गाउँपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा शिक्षक तथा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) बिद्यालय कर्मचारीको हकमा यो ऐन लागु हुनु भन्दा अगाडि नियुत्तिः भएका कर्मचारी को हकमा यो ऐन लागु हुनु भन्दा अगाडि नियुक्ति भएको मानिनेछ र अब हुने नियुक्ति तोकिए बमोजिम हुनेछ ।

☞ **प्रथम पटक सँसोधन गरिएको**

**४३.बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनैपनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्नपाईनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्नपाइनेछैन ।

**४४.शैक्षिक परामर्शसेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ससञ्चालन :**

(१) कसैलेपनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिजकोर्स, भाषा शिक्षण कक्षावा पूर्वतयारी कक्षा वा विदेशी मुलुक मा सञ्चालित कुनैशैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५.प्रगति विवरण बुझाउनुपर्ने :**

विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण गाउँ शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

**४६.दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ब) अरूकोतर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाकोमर्यादा भङ्ग हुनेअन्य कुनैकार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिजकोर्स, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतकोअन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनैशिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएकोमितिदेखि मुद्दाको टुङ्गो नलागे सम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

## परिच्छेद–६
## विविध

**४७. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४८ नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले देहायका विषयमा आवाश्यक नियम निर्देशिका,कार्यविधि बनाई लागू गर्नसक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क

(ख) विद्यालयलाई दिईने अनुदान

(ग) विद्यालयको परीक्षा

(घ) विद्यालयको अतिरिक्त क्रियाकलाप

(ङ) विद्यालयमा विद्यार्थीको भर्ना र संख्या

(च) विद्यालयको सम्पत्तिको सुरक्षा

(छ) विद्यालयको छात्राबास

(ज) विद्यालयको आय- व्ययको जाँच

(झ) शिक्षक तथा विद्यार्थीको आचारसंहिता

(ञ) प्रधानाध्यापकको नियुक्ति, योग्यता, काम, कर्तव्य र अधिकार

(ट) गाउँ शिक्षा कोष

(ठ) संस्थागत विद्यालय सम्बन्धि

(ड) अध्यापन योजना

(ढ) असल शिक्षक प्रोत्साहन

(ण) एकमुष्ट अनुदानमा आधारित बिद्यालय सञ्चालन

(त) आवासिय विद्यालय सँञ्चालन तथा व्यवस्थापन सम्वन्धि

(थ) नमुना बिद्यालय छनोट र बिकास

(द) एक माध्यमिक बिद्यालय एक संकायलाई प्रोत्साहन

(ध) विपन्न समुदायका बालबालिका लागी शैक्षिक प्रोत्साहन

(न) शिक्षक दरबन्दि ब्यवस्थापन एवम मिलान

(प) गुणस्तरीय शिक्षाका लागि अनुदान

(फ) शिक्षक तथा कर्मचारीको सरुवा

(ब) बिद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम

(भ) अन्तर बिद्यालय सहयोग कार्यक्रम

(म) बिशेष शिक्षा नमुना कार्यक्रम

(ढ) अन्य आवश्यक कुराहरु

**४९. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली तथा अन्य कानुन तयार नहुदासम्म गाउँ शिक्षा समिति सँगको सहकार्यमा गाउँ शिक्षा शाखाले सम्पादन गर्नसक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारीको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ शिक्षा शाखाले दिनेछ ।

**५०. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्नकुनैबाधा-अड्काउपरेमा गाउँ कार्यपालिकाले त्यस्ता बाधा अड्काउ हटाउन गाउँपालिकाको राजपत्रमा सूचना प्रकासित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५१. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएकोकुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनैकुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा प्रचलित कानुन वमोजिम कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) नेपालको संविधान, प्रदेश कानुन र संघीय कानुनसँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछन् ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौति गरिनेछैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्नेछैन ।

**आज्ञाले**

**तीर्थवहादुर कठायत**

**प्रमुख प्रशासकिय अधिकृत**